नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल
(नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपाली सम्बन्धी महाशाखा)

प.सं:PPDO/PP-A/7 मिति:२०७८/११/५
च.नं.: ०७८/७९- ५४१७

श्री विदेशस्थित सबै नेपाली नियोगहरु।

विषयः **Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोवार गैरकानुनी रहेको सूचना प्रचार-प्रसार गरिदिने बारे।**

उपरोक्त विषयमा विगत केही समयदेखि Virtual Currency/Cryptocurrency हरुको कारोबार गर्ने तथा ती संग सम्बन्धित Hyper Fund जस्ता कोषमा लगानी गर्ने, विभिन्न प्रकारका Network Marketing मा आवद्ध हुन प्रोत्साहन गर्ने/गराउने कार्यहरु भैरहेको भन्ने जानकारी प्राप्त भैरहेको सन्दर्भमा नेपालमा विदेशी विनियम वा मुद्राको Virtual Currency/Cryptocurrency ले कानुनी मान्यता नपाएकोले त्यस्ता गैरकानूनी वित्तीय औजारमा आवद्ध भई करोवार गर्दा सर्वसाधारण ठगिने तथा अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पूँजी पलायन हुने भएकोले त्यस्ता कारोबार तथा व्यवसायमा नेपालभित्र बसोबास हुने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकहरु संलग्न नहुन र त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा सहितको सूचना नेपाल राष्ट्र बैंकको वेवसाइट तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित गरिएको व्यहोरा सो बैंकको च.न. ४९, मिति २०७८।१०।१० को पत्र मार्फत लेखिआएको छ ।

यस्ता गैरकानूनी कारोबार/व्यवसाय रोकथामलाई थप प्रभावकारी बनाउने सम्बन्धमा सबैलाई जानकारी गराइदिन अनुरोध भइआएकोले तहाँ नियोग रहेको एवम् नियोग सह-प्रमाणिकृत मुलुकहरुमा वस्ने नेपाली नागरिक एवम् गैर आवासीय नेपाली नागरिकलाई यस विषयमा जानकारी गराउने व्यवस्था हुन निर्देशानुसार अनुरोध छ । नेपाल राष्ट्र बैंकको उल्लेखित पत्र तथा अन्य प्राप्त सूचनाहरुको प्रतिलिपि साथै पठाइएको छ ।

(किरण शाक्य)
उपसचिव

बोधार्थः
श्री सबै महाशाखा, परराष्ट्र मन्त्रालय, सिंहदरबार ।
श्री राहदानी विभाग, त्रिपुरेश्वर ।
श्री कन्सुलर सेवा विभाग, त्रिपुरेश्वर ।
श्री गैर आवासीय नेपाली संघको सचिवालय, बालुवाटार।

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

# नेपाल राष्ट्र बैंक

विदेशी विनिमय व्यवस्थापन विभाग
(नीति तथा योजना फाँट)

मिति: २०७८/१०/१०

पत्रसंख्या: वि.नीति/०७८/७९,
च.नं.: ४९

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय: Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैर-कानूनी रहेको सूचना सम्बन्धमा ।**

महाशय,

उपरोक्त सम्वन्धमा यस बैंकको मिति २०७८/१०/०५ गतेको निर्णयबमोजिम मिति २०७८/१०/०९ मा बैंकको वेबसाइटमार्फत् र मिति २०७८/१०/१० गतेको गोरखापत्र, आर्थिक अभियान र नयाँ पत्रिका दैनिकहरुमा Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैर-कानूनी रहेको सूचना प्रकाशन गरिएकोमा **सो विषयको कार्यान्वयनलाई थप प्रभावकारी बनाउने प्रयोजनार्थ** उक्त सूचनालाई नेपाल सरकार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, नेपाल प्रहरी लगायतका निकाय/मातहतका निकायहरुमा जानकारी गराई सहयोग गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

भवदीय,

(गोविन्दप्रसाद नागिला)
का.मु. कार्यकारी निर्देशक

संलग्न: मिति २०७८/१०/०९ मा बैंकको वेबसाइटमार्फत् प्रकाशन भएको सूचना: १ थान ।

बोधार्थ:
१) नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
२) नेपाल सरकार, परराष्ट्र मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
३) नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, काठमाडौं ।
४) प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
५) नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय, बालुवाटार, काठमाडौं ।

PRDD
Pls. prepare a circular to all Divisions, Dep'ts & Missions.

PPSD
(Kiran Sir)
Please

# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानूनी रहेको सम्बन्धी सूचना

हालका दिनहरुमा छोटो अवधिमा उच्च प्रतिफल दिने प्रलोभन देखाई Virtual Currency/ Cryptocurrency हरुको कारोबार/प्रयोग गर्न तथा त्यस्ता Virtual Currency/Cryptocurrency हरुसँग सम्बन्धित Hyper Fund जस्ता कोषमा लगानी गर्न र Jocial, Crowd 1, Solemax Global जस्ता पिरामिडमा आधारित Network Marketing मा आबद्ध हुन प्रोत्साहन गर्ने/गराउने गरेको जानकारी प्राप्त हुन आएकोले सो सम्बन्धमा यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ। नेपालमा विदेशी विनिमय वा मुद्राको रुपमा Virtual Currency/Cryptocurrency ले कानुनी मान्यता नपाएको सन्दर्भमा उपर्युक्त बमोजिमका गैरकानूनी वित्तीय औजारमा आवद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पूँजी पलायन हुने भएकाले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न भई नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकहरु समेतले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

नेपाल राष्ट्र बैंकको वेवसाइट www.nrb.org.np मा प्रकाशन भएको मिति: २०७८/१०/०९

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभागको

# Virtual Currency/Cryptocurrency तथा Network Marketing अन्तर्गतको कारोबार/व्यवसाय गैरकानुनी रहेको सम्बन्धी सूचना

हालका दिनहरूमा छोटो अवधिमा उच्च प्रतिफल दिने प्रलोभन देखाई **Virtual Currency/Cryptocurrency** हरूको कारोबार/प्रयोग गर्न तथा त्यस्ता **Virtual Currency/Cryptocurrency** हरूसँग सम्बन्धित **Hyper Fund** जस्ता कोषमा लगानी गर्न र **Jocial, Crowd 1, Solemax Global** जस्ता पिरामिडमा आधारित **Network Marketing** मा आबद्ध हुन प्रोत्साहन गर्ने/गराउने गरेको जानकारी प्राप्त हुन आएकाले सो सम्बन्धमा यस बैंकको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालमा विदेशी विनिमय वा मुद्राको रूपमा **Virtual Currency/Cryptocurrency** ले कानुनी मान्यता नपाएको सन्दर्भमा उपर्युक्तबमोजिमका गैरकानुनी वित्तीय औजारमा आवद्ध भई कारोबार गर्दा सर्वसाधारण ठगिने, अवैधानिक तरिकाले रकम बाहिरिई स्वदेशी पुँजी पलायन हुने भएकाले त्यस्ता कारोबार तथा व्यवसायमा संलग्न भई नेपालभित्र बसोबास गर्ने नेपाली तथा विदेशी नागरिक र विदेशमा बस्ने नेपाली नागरिकहरू समेतले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

नेपाल राष्ट्र बैंकको वेबसाइट **www.nrb.org.np** मा
प्रकाशन भएको मिति : २०७८/१०/०९

# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Cryptocurrency कारोबार गैरकानूनी रहेको सम्बन्धी सूचना

नेपालमा कुनै पनि प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining गैरकानूनी रहेकोले यस्ता प्रकारका Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining सम्बन्धी कार्य नगर्नु/नगराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले दिएको अधिकार प्रयोग गरी यो सूचना जारी गरिएको छ।

हालका दिनहरुमा Cryptocurrency हरुको कारोबार/प्रयोग/Mining जस्ता कार्यमा संलग्न हुन प्रोत्साहन गर्ने/गराउने समेत गरेको पाइएको र त्यस्तो कार्यबाट सर्वसाधारणहरु ठगिएको/ठगिन सक्ने देखिएको हुँदा कसैले त्यस्तो कार्य गरे/गराएको पाइएमा प्रचलित कानूनबमोजिम सजाय हुने व्यहोरा समेत जानकारी गराइन्छ।

भवदीय,

रामु पौडेल

(कार्यकारी निर्देशक)

नेपाल राष्ट्र बैंकको वेबसाइट www.nrb.org.np मा सूचना प्रकाशन भएको मिति : २०७८/०५/२४।

# नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभागको
## Bitcoin कारोवार गैरकानुनी रहेको बारेको सूचना

नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ बमोजिम यस बैंकबाट इजाजतपत्र लिएर मात्र विदेशी विनिमयको कारोबार गर्न सक्ने स्पष्ट कानुनी व्यवस्था रहेको र हालसम्म नेपालमा Bitcoin लाई मुद्राको रुपमा कानुनी मान्यता प्राप्त नभएको अवस्थामा यदाकदा केही व्यक्तिहरुले इन्टरनेटको माध्यमबाट Bitcoin सम्बन्धी कारोवार गरिरहेको भन्ने वुझिन आएकोले Bitcoin सम्बन्धी कारोबार नेपालमा पूर्णरुपमा गैरकानुनी रहेको व्यहोरा जानकारी गराउँदै कसैले पनि सो सम्बन्धी कारोवार नगर्न नगराउनुहुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

कार्यकारी निर्देशक
विदेशी विनिमय व्यवस्थापन विभाग

मिति : २०७४।४।२९